सार्वजनिक लेखा समितिको प्रगती प्रतिवेदन २०८२

१ सम्बोधनः

श्री गाँउ सभाका अध्यक्ष एंव गाँउपालिका अध्यक्ष महोदय

गाँउसभाका सदस्यहरु

प्रमुख प्रशासकीय अधिकृत ज्यू एंव कर्मचारी तथा पत्रकार मित्रहरु

आज हामीहरु यस तातोपानी गाँउपालिकाको गरिमामय गाँउसभाको १८ औ अधिवेशनको पहिलो बैठकमा उपस्थित भएका छौ । आजको यस सभामा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु । यस महत्वपुर्ण अवसरमा नेपालको राजनितिक परिवर्तनको स्थापनार्थ जनआन्दोलन, जनयुद्ध ,मधेस आन्दोलन ,प्रदेश आन्दोलन, हालैको जेन्जी आन्दोलन का क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु र मिति २०८१।१२ ।१५ गते दिवङगत हुनु भएका यस गाँउपालिका वडा नं ४ का दलित महिला सदस्य एंव गाँउसभा सदस्य श्री गोरी कला कामी प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । राजनितिक परिवर्तनको दौरानमा जन आन्दोलन जनयुद्ध मधेस आन्दोलन प्रदेश आन्दोलन हालैको जेन्जी आन्दोलन का क्रममा वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु । साथै सम्पुर्ण आन्दोलनका घाइते योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना तथा पिडित परिवार प्रति सम्मान व्यक्त गर्दछु । राष्टियता स्वाधिनता सामाजिक न्याय समानता र समताका लागी सक्षम नेतृत्व प्रदान गर्नु हुने र मान्य नेतृत्वमा रहनुहुने व्यक्तित्वहरु प्रति हार्दिक नमन व्यक्त गर्दछु । मुलकमा संघियता कार्यान्वयन सँगसँगै दोश्रो कार्यकालमा हामी निर्वाचित भएको अवधि देखि गाँउपालिकाको विकास र समृद्धीको लागी स्रोत र साधनलाई प्रयोग गरी अधिकतम सकारात्मक प्रयास गर्दै यो अवस्थामा आइ पुगेकाछौ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ तथा यस तातोपानी गाँउपालिकाको लेखा समिती गठन सम्बन्धी कार्यविधी २०८२ को दफा ३ बमोजिम गठित लेखा समितिको आर्थिक वर्ष २०८२।०८३ को हाल सम्मको प्रगती प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

२ परिचय तथा पृष्ठभुमीः

सार्वजनिक लेखा समिति सभाको महत्वपुर्ण समिति हो । यसको विश्व इतिहासलाई हर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतमा सन १८६१ मा भएको थियो । सदनमा रहेको दलिय उपस्थितीको प्रतिनिधित्व हुने गरि बढीमा १५ सदस्य सहने उक्त समितिले गैर राजनितिक रुपमा काम गर्ने अपेक्षा गरिएको थियो । राज्यकोषको खर्च संसदले चाहे बमोजिम होस भनि त्यसको सुनिश्चता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययिता पूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा

कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ र तातोपानी गाँउपालिकाको गाँउसभा सञ्चालन कार्यविधी २०७४ को दफा ४८ बमोजिम यस तातोपानी गाँउपालिकाको गाँउसभाको १७ औ अधिवेशनको मिति २०८२।०३।२७ मा बसेको दोश्रो बैठकले हामी देहाए बमोजिमका सदस्यहरु रहने गरि तातोपानी गाँउपालिकाको लेखा समिति गठन गरिएको छ।

तपशिलः

क्रस	नाम थर	पद	सम्पर्क नम्बर
१	श्री रत्नचन्द्र उपाध्याय	संयोजक	९८४८३०७७४१
२	श्री रुपसरी थापा	सदस्य	९८४८३१९१४९
३	श्री नरजित शाही	सदस्य	९८६४८५६९३३
४	श्री हरिचन्द्र रावत	सदस्य	
५	श्री सरिता सार्की	सदस्य	९८६८२७४६३२
६	श्री तीर्थ बहादुर कठायत	सदस्य	९८६८९०२१११
७	श्री अंगत सेजुवाल	सदस्य	९८४८५६९०१२
८	श्री शिवराज न्यौपाने	सदस्य सचिव	९८४२३१४०१३

तातोपानी गाँउपालिकाको लेखा समिति सञ्चालन सम्बन्धी कार्यविधि २०८२ को दफा ४ बमोजिम देहाएको कार्यहरु गर्ने काम कर्तव्य र अधिकार रहेको छ।

४. लेखा समितिको काम, कर्तव्य र अधिकार (१) नियम ३ बमोजिम गठन हुने लेखा समितिले देहायका विषयमा अध्ययन गरी कार्यपालिकालाई राय सुझाव र गाउँ सभा समक्ष प्रतिवेदन पेस गर्नेछ।

<u>(क) कार्यपालिकालाई राय सुझाव दिने विषयहरू-</u>

(१) वार्षिक बजेटले अनुमान गरे बमोजिमको श्रोत परिचालन तथा रकम सङ्कलन लक्ष्य बमोजिम चौमासिक प्रगति भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तिका विषयमा आवश्यक सल्लाह सुझाव दिने।

(२) वार्षिक बजेटमा उल्लेखित कार्यक्रमहरू चौमासिक लक्ष्य बमोजिम सञ्चालन भए नभएको र लक्ष्य पुरा गर्न तत्काल लिनुपर्ने रणनीतिका सम्बन्धमा सुझाव दिने।

(३) गाउँ कार्यपालिकाबाट गाउँपालिकाको राजस्व तथा स्रोत परिचालन सम्बन्धमा भए गरेको निर्णयको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्बन्धमा कुनै सुझाव भएमा दिने।

(४) कार्यपालिका कार्यालयमा भए गरेका कार्यमा बित्तीय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान गर्ने।

(५) पेश्की, बेरुजुको अवस्था विश्लेषण गर्दै सो को खर्चका लागि आवश्यक रणनीतिक सुझाव प्रदान गर्ने

(६) गाउँ कार्यपालिका कार्यालयबाट भए गरेका आम्दानी र खर्चका विभिन्न विषय मध्ये समितिले आर्थिक अनियमितता भएको गुनासो आएको वा आवश्यक ठानेका वा गाउँ कार्यपालिकाबाट अनुरोध भएका विषयमा भए गरेका गतिविधिको समितिले उपसमिति बनाई वा लेखा समितिले छानबिन गरी कार्यपालिकालाई सुझाव दिने । अनियमितता भएका विषयहरुमा छानविनको लागी कानून बमोजिम प्रक्रिया सम्बन्धित निकायमा अगाडि बढाउनुपर्नेछ।

(७) गाउँपालिकाको आन्तरिक लेखा परीक्षकको चौमासिक प्रतिवेदन माथि समीक्षा गर्ने।

(८) गाउँपालिकाका विभिन्न वडा कार्यालय र शाखाबाट भए गरेका गतिविधिको अध्ययन गर्दै सो सम्बन्धमा वितीय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान गर्ने।

(९) वित्तीय सुशासनका विषयमा गाउँ कार्यपालिकाले सुझाव मागेका विषयमा आवश्यक परामर्श दिने।

(ख) गाउँसभा समक्ष प्रतिवेदन पेस गर्ने विषयहरू

(१) गाउँ सभाबाट स्वीकृत बजेटले गरे बमोजिमको काम भए / नभएको बारेमा लिखित प्रतिवेदन र सुझावहरू समेत सभामा पेश गर्नुपर्नेछ।

(२) गाउँ सभाबाट अनुमानित स्रोत परिचालन तथा रकम सङ्कलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने।

(ग) गाउँपालिकाले तयार गरेको वार्षिक बजेटमा उल्लेखित कार्यक्रम सञ्चालन भए नभएको ।

(घ) लेखा परीक्षणबाट औँल्याएका बेरुजु तथा आर्थिक अनियमितताका सम्बन्धमा त्यस्तो अनियमिततालाई नियमित एवं असुल फछ्यौंट गर्न आवश्यक काम कारवाही गरे वा नगरेको विषयमा स्पष्टता ल्याउने।

समितिको प्रमुख कार्य हो। बेलायतमा स्थापित परम्परा अनुसार सार्वजनिक लेखा समितिको सभापति संसदमा विपक्षी दललाई दिने गरिएको छ। नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ साल देखि नै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधी सभा मा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था गरिएको थियो। हाल नेपालको संविधान २०७२ को धारा ९७ तथा संघीय संसद प्रतिनिधी सभा नियमावली २०७९ को नियम १७२ मा समितिको गठन र नियम १७३ मा १० वटा विषयगत समितिहरु रहने व्यवस्थाका साथै नियम १७८ मा काम कर्तव्य र अधिकारको व्यवस्था समेत रहेको छ। प्रतिनिधी सभाका ती विषयगत समितिहरु मध्ये सार्वजिक लेखा समिति पनि एक महत्वपुर्ण विषयगत समिति हो। सोही नियमावलीले सार्वजनिक लेखा समितिमा सभामुखले सभाको सहमति लिई मनोनित गरेका बढीमा २७ जना सदस्यहरु रहने व्यवस्था छ। प्रधानमन्त्री समितिको पदेन सदस्यको रुपमा रहने र समितिका सदस्यहरुले आफुहरु मध्येबाट निर्वाचित गरेको ब्यक्ति समितिको सभापति हुने तथा सभापतिको निर्वाचन नभएको वा नरहेको अवस्थामा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने र मन्त्रीले सभापति हुन वा बैठकको अध्यक्षता गर्न नमिल्ने व्यवस्था प्रतिनिधी सभा नियमावली २०७९ ले गरेको छ। समितिको पुर्ण बैठक बस्न सम्पुर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरुको उपस्थिति आवश्यक पर्छ भने कुनै पनि विषयमा निर्णय गर्नका लागि उपस्थित सदस्य संख्याको बहुमत आवश्यक पर्दछ।

सरकारलाई संघीय संसद प्रति उत्तरदायी र जवाफदेही बनाउनका लागी सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरि आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रतिनिधी सभा नियमावलीको नियम १७३ को क्र.स. १० ले यस समितिको कार्यक्षेत्र अन्तर्गत सार्वजनिक लेखा, महालेखा परिक्षकको प्रतिवेदन र सम्बद्ध विषय तथा निकाय भनी तोकेको छ। प्रतिनिधी सभा नियमावली २०७९ को नियम १७८ को उपनियम ८ मा सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखा परिक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित बेरुजुको जाँच गरी महालेखा परिक्षकद्धारा सम्पादित कामकारबाही र सो सम्बन्धमा सम्बन्धित निकाय बाट हुनु पर्ने कामकारबाही कानून सङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरि आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। यसै नियमको उपनियम ११ मा समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरु प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने व्यवस्था रहेको छ। संघ र प्रदेश सरकार जस्तै स्थानीय तहको कार्यपालिकालाई सभाप्रति उत्तरदायी बनाउन , कार्यपालिकाबाट भएका

(ङ) वडा कार्यालयबाट सञ्चालित कार्यक्रमको बारेमा वडा अनुसार स्रोत परिचालन तथा रकम सङ्कलन भए वा नभएको बारेमा प्रतिवेदन तयार गर्ने र कुन कारणले लक्ष्य प्राप्त नभएको भन्ने समेत प्रतिवेदन तयार गर्ने।

समितिले गाउँकार्यपालिकालाई सुझावहरू र सोको कार्यान्वयनको अवस्थाको बारेमा

(३) उपनियम (१) बमोजिमको प्रतिवेदन तयार गर्दा लेखा समितिले आवश्यकता अनुसार गाउँपालिका भित्रका उद्यमी व्यापारी तथा बुद्धिजीवीलाई आवश्यकताको आधारमा छलफलमा आमन्त्रण गर्न सक्नेछ।
(४) उपनियम (१) बमोजिमको प्रतिवेदन तयार गर्ने क्रममा लेखा समितिले माग गरे बमोजिमको कागज गाउँपालिकामा रहेका सबै शाखा र उपशाखाहरूले उपलब्ध गराउनुपर्नेछ र मौखिक रूपमा दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

३ हाल सम्म समितिको बैठकको अवस्था र सम्पादन भएका कार्यहरु:

३.१) चालु आर्थिक वर्ष २०८२।०८३ मा लेखा समितिको बैठक ६ वटा बैठक सम्पन्न भएका छन।

३.२) समितिको पहिलो बैठक २०८२ श्रावण १४ गते बसेको जुन बैठकमा तातोपानी गाँउपालिकाको आर्थिक वर्ष २०७४।०७५ देखि आर्थिक वर्ष २०८०।०८१ को महा लेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन माथी छलफल भएको ,प्रतिवेदनमा असुल उपर गर्ने बेरुजुको लागी सम्बन्धित पक्षलाई पत्राचार गर्ने भनि निर्णय भएको र यस तातोपानी गाँउपालिकामा असुल उपर गर्ने बेरुजु ,सैद्धान्तिक बेरुजु, नियमित गर्नु पर्ने बेरुजु, प्रमाण पेश गर्नु पर्ने बेरुजु र पेश्की बेरुजु रहेकाले उल्लेखित बेरुजु घटाउनलाई सम्बन्धित पक्षलाई जानकारी गराउने निर्णय भएको।

३.३) समितिको दोश्रो बैठक २०८२ आश्विन ५ गते बसेको जुन बैठकमा अघिल्लो बैठकको समिक्षा तातोपानी गाँउपालिकाको आर्थिक वर्ष २०७४।०७५ देखि आर्थिक वर्ष २०८०।०८१ को महा लेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन माथी छलफल भएको ,प्रतिवेदनमा असुल उपरु गर्ने बेरुजुको लागी सम्बन्धित पक्षलाई पत्राचार गर्ने भनि निर्णय भएको र यस तातोपानी गाँउपालिकामा असुल उपर गर्ने बेरुजु ,सैद्धान्तिक बेरुजु, नियमित गर्नु पर्ने बेरुजु, प्रमाण पेश गर्नु पर्ने बेरुजु र पेश्की बेरुजु रहेकाले उल्लेखित बेरुजु घटाउनलाई सम्बन्धित पक्षलाई जानकारी गराउने ,बेरुजुको लगत राख्ने ,बेरुजु सम्परिक्षण ,लगाएतका विविध बिषयमा छलफल भई निर्णय भएको।

३.४) समितिको तेस्रो बैठक २०८२ मंसिर २१ गते बसेको जुन बैठकमा तातोपानी गाँउपालिकाको आर्थिक वर्ष २०८१।०८२ को महालेखा परिक्षकको प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन माथी छलफल

भएको र यस तातोपानी गाँउपालिकाको बेरुजु निम्नानुसार देखिएकाले उक्त बेरुजुलाई सम्परिक्षणका लागी आवश्यक कागजात सम्लग्न राखी पेश गर्ने निर्णय भएको ।

क) **असुल उपर गर्ने बेरुजु**ः असुल उपर गर्नु पर्ने बेरुजु को रकम सम्बन्धित ब्यक्ती वा संस्थालाई पत्राचार गर्ने ।

ख) **नियमित गर्नु पर्ने बेरुजु**ः नियमानुसार नभई बेरुजुमा औल्याईएको बेरुजुलाई नियमानुसार गर्नलाई आवश्यक प्रक्रिया पुरयाई नियमित गर्ने

ग) **प्रमाण पेश गर्नु पर्ने बेरुजु**ः लेखा परिक्षणको समयमा प्रमाण पेश नभई बेरुजु औल्याईएको बेरुजुको लागी आवश्यक प्रमाण पेश गर्न लगाई सम्परिक्षण का लागी पेश गर्ने

घ) **पेश्की बेरुजु**ः लेखा परिक्षणको समयमा पेश्की फछर्यौट नभई पेश्की बेरुजुको रुपमा कायम भएको पेश्की फछर्यौट भएको प्रमाण राखी पेश्की बेरुजु सम्परिक्षण गराउने

ङ) **सैद्धान्तिक बेरुजु**ः महालेखा परिक्षकले लेखा परिक्षण का बेला सुझावका रुपमा उपलब्ध गराईका बेरुजुलाई मध्यनजर गरी आगामी आर्थिक बर्षमा त्यस्ता किशिमका बेरुजुहरु दोहोरिन नदिन गाँउपालिकालाई निर्देशन दिने

३.५) समितिको चौथो बैठक २०८२ मंसिर २२ गते बसेको जुन बैठकमा तातोपानी गाँउपालिकाको आर्थिक वर्ष २०७९।०८० र २०८०।०८१ को महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन माथी छलफल भएको र यस तातोपानी गाँउपालिकाको बेरुजु निम्नानुसार देखिएकाले उक्त बेरुजुलाई सम्परिक्षणका लागी आवश्यक कागजात सम्लग्न राखी पेश गर्ने निर्णय भएको ।

क) **असुल उपर गर्ने बेरुजु**ः असुल उपर गर्नु पर्ने बेरुजु को रकम सम्बन्धित ब्यक्ती वा संस्थालाई पत्राचार गर्ने ।

ख) **नियमित गर्नु पर्ने बेरुजु**ः नियमानुसार नभई बेरुजुमा औल्याईएको बेरुजुलाई नियमानुसार गर्नलाई आवश्यक प्रक्रिया पुरयाई नियमित गर्ने

ग) **प्रमाण पेश गर्नु पर्ने बेरुजु**: लेखा परिक्षणको समयमा प्रमाण पेश नभई बेरुजु औल्याईएको बेरुजुको लागी आवश्यक प्रमाण पेश गर्न लगाई सम्परिक्षण का लागी पेश गर्ने

घ) **पेश्की बेरुजु**: लेखा परिक्षणको समयमा पेश्की फछर्यौट नभई पेश्की बेरुजुको रुपमा कायम भएको पेश्की फछर्यौट भएको प्रमाण राखी पेश्की बेरुजु सम्परिक्षण गराउने

ङ) **सैद्धान्तिक बेरुजु**: महालेखा परिक्षकले लेखा परिक्षण का बेला सुझावका रुपमा उपलब्ध गराईका बेरुजुलाई मध्यनजर गरी आगामी आर्थिक बर्षमा त्यस्ता किशिमका बेरुजुहरु दोहोरिन नदिन गाँउपालिकालाई निर्देशन दिने ।

३.६) समितिको पाँचौ बैठक २०८२ मंसिर २३ गते बसेको जुन बैठकमा तातोपानी गाँउपालिकाको आर्थिक वर्ष २०७८।०८९ को महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन माथी छलफल भएको र यस तातोपानी गाँउपालिकाको बेरुजु निम्नानुसार देखिएकाले उक्त बेरुजुलाई सम्परिक्षणका लागी आवश्यक कागजात सम्लग्न राखी पेश गर्ने निर्णय भएको ।

क) **असुल उपर गर्ने बेरुजु**: असुल उपर गर्नु पर्ने बेरुजु को रकम सम्बन्धित ब्यक्ती वा संस्थालाई पत्राचार गर्ने ।

ख) **नियमित गर्नु पर्ने बेरुजु**: नियमानुसार नभई बेरुजुमा औल्याईएको बेरुजुलाई नियमानुसार गर्नलाई आवश्यक प्रक्रिया पुरयाई नियमित गर्ने

ग) **प्रमाण पेश गर्नु पर्ने बेरुजु**: लेखा परिक्षणको समयमा प्रमाण पेश नभई बेरुजु औल्याईएको बेरुजुको लागी आवश्यक प्रमाण पेश गर्न लगाई सम्परिक्षण का लागी पेश गर्ने

घ) **पेश्की बेरुजु**: लेखा परिक्षणको समयमा पेश्की फछर्यौट नभई पेश्की बेरुजुको रुपमा कायम भएको पेश्की फछर्यौट भएको प्रमाण राखी पेश्की बेरुजु सम्परिक्षण गराउने

ङ) **सैद्धान्तिक बेरुजु**: महालेखा परिक्षकले लेखा परिक्षण का बेला सुझावका रुपमा उपलब्ध गराईका बेरुजुलाई मध्यनजर गरी आगामी आर्थिक बर्षमा त्यस्ता किशिमका बेरुजुहरु दोहोरिन नदिन गाँउपालिकालाई निर्देशन दिने ।

३.७) समितिको छठौ बैठक २०८२ मंसिर २४ गते बसेको जुन बैठकमा तातोपानी गाँउपालिकाको आर्थिक वर्ष २०७७।०७८ को महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन माथी छलफल भएको र यस तातोपानी गाँउपालिकाको बेरुजु निम्नानुसार देखिएकाले उक्त बेरुजुलाई सम्परिक्षणका लागी आवश्यक कागजात सम्लग्न राखी पेश गर्ने निर्णय भएको ।

क) **असुल उपर गर्ने बेरुजु**: असुल उपर गर्नु पर्ने बेरुजु को रकम सम्बन्धित ब्यक्ती वा संस्थालाई पत्राचार गर्ने ।

ख) **नियमित गर्नु पर्ने बेरुजु**: नियमानुसार नभई बेरुजुमा औल्याईएको बेरुजुलाई नियमानुसार गर्नलाई आवश्यक प्रक्रिया पुरयाई नियमित गर्ने

ग) **प्रमाण पेश गर्नु पर्ने बेरुजु**: लेखा परिक्षणको समयमा प्रमाण पेश नभई बेरुजु औल्याईएको बेरुजुको लागी आवश्यक प्रमाण पेश गर्न लगाई सम्परिक्षण का लागी पेश गर्ने

घ) **पेश्की बेरुजु**: लेखा परिक्षणको समयमा पेश्की फछर्यौट नभई पेश्की बेरुजुको रुपमा कायम भएको पेश्की फछर्यौट भएको प्रमाण राखी पेश्की बेरुजु सम्परिक्षण गराउने

ङ) **सैद्धान्तिक बेरुजु**: महालेखा परिक्षकले लेखा परिक्षण का बेला सुझावका रुपमा उपलब्ध गराईका बेरुजुलाई मध्यनजर गरी आगामी आर्थिक बर्षमा त्यस्ता किशिमका बेरुजुहरु दोहोरिन नदिन गाँउपालिकालाई निर्देशन दिने ।

३.८) समितिको छठौ बैठकबाट गाँउपालिकाको आर्थिक अनुशासन, वित्तिय पारदशिता ,जवाफदेहिता तथा उत्तरदायित्व कायम गर्न योजना तथा अनुगमन ,सार्वजनिक खरिद, लेखा व्यवस्थापन, योजना तथा कार्यक्रम कार्यान्वयन ,आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखा परिक्षण तथा बेरुजु फछर्यौटसँग सम्बन्धित बिषयमा गाँउ कार्यपालिकालाई निर्देशन दिने निर्णय समेत गरियो ।

३.९) समितिको बिभिन्न समयमा बसेको बैठकले निम्नानुसारको बेरुजुलाई फछर्यौटका लागी गाँउसभाको १८ औ अधिवेशनमा पेश गर्ने निर्णय गरियो

तपशिलः

क्र.सं.	आ.व	सम्परीक्षणको लागी सिफारीस गरिएको वेरुजु रकम				जम्मा	कैफियत
		असुल	अनियमित	पेश्की	प्रमाण पेश नभएको		
१	२०७७/०७८	४७१३५	२२२८९६९६	९८७५७४३	-		
२	२०७८/०७९	३३०४३३	११०२०८०	१६४७८०९०	११५००००		
३	२०७९/०८०	६७०३३	१०२९४०५४	२२१७०००	६२५०००		
४	२०८०/०८१	२३०५७७३	२०६१४४५०	७९७०००	-		
५	२०८१/०८२	१४३९४६६	२७०५८६५९	१८७०००	१२००००		
जम्मा रकम		४१८९८४०	८२२३८९३९	२९५५४८३३	८२७५०००	१२४२५८६१२	

यस लेखा समितिले यस प्रतिवेदन मार्फत १२ करोड ४२ लाख ५८ हजार ६ सय १२ रुपैया बेरुजुको फछ्यौंटका लागी गाँउसभामा पेश गरेको छ। यी बेरुजु फछ्यौंट भएमा गाँउपालिकाको बेरुजु रकम घटने बिश्वास लिएको छु।

<u>४ हाल सम्मको बेरुजुको अवस्था:</u>

यस तातोपानी गाँउपालिकाको आर्थिक वर्ष २०७४।०७५ देखि आर्थिक वर्ष २०८०।०८१ सम्म मा महालेखा परिक्षकको बार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८१र०८२ को प्रारम्भिक प्रतिवेदन अनुसार निम्नानुसारको बेरुजु रकम औल्याईएकाले यस गाँउपालिकाको बेरुजु निम्नानुसार रहेको छ।

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिंजा/नाकोट, जुम्ला कर्णाली प्रदेश, नेपाल

बेरुजु विवरण

सि नं	आर्थिक वर्ष	नियमित गर्ने बेरुजु	प्रमाण पेश गर्नु पर्ने बेरुजु	असुल उपर गर्नु पर्ने बेरुजु	पेश्की बेरुजु	जम्मा बेरुजु	कैफियत
१	आ.व. २०७४।०७५	१ करोड ३९ लाख ६१ हजार	४५ लाख ४० हजार	१५ लाख ८४ हजार	१२ लाख ६३ हजार	२ करोड १३ लाख ४८ हजार	
२	आ.व. २०७५।०७६	१ करोड ७३ लाख १३ हजार	५८ लाख १८ हजार	३० लाख ११ हजार	३२ लाख ७ हजार	२ करोड ९३ लाख ४९ हजार	
३	आ.व.२०७६।०७७	५ लाख ६५ हजार	१३ लाख	१० लाख ४ हजार	१८ लाख १६ हजार	४६ लाख ८५ हजार	
४	आ.व. २०७७।०७८	३ करोड १२ लाख ९९ हजार	१ करोड २५ लाख २३ हजार	८ लाख ७ हजार	९८ लाख ७६ हजार	५ करोड ४५ हजार ५ हजार	
५	आ.व. २०७८।०७९	३ करोड ८३ लाख १७ हजार	२ करोड ५० लाख ३४ हजार	६७ लाख १५ हजार	१ करोड ६४ लाख ९५ हजार	८ करोड ६५ लाख ४६ हजार	
६	आ.व.२०७९।०८०	१ करोड २ लाख ९४ हजार	१३ लाख ७१ हजार	२ लाख ८ हजार	३६ लाख ३ हजार	१ करोड ५४ लाख ७६ हजार	
७	आ.व. २०८०।०८१	२ करोड ३४ हजार	४१ लाख ६५ हजार	२९ लाख ८४ हजार	२० लाख ९८ हजार	३ करोड ८१ हजार	
	जम्मा					२४ करोड २६ लाख ५७ हजार २ सय ४६	
८	आ.व. २०८१।०८२	२ करोड ७० लाख ५८ हजार ६५९	१ लाख २० हजार	२२ लाख ६९ हजार १७६	१३ लाख ७५ हजार	३ करोड ८ लाख २२ हजार ८३५	

यस तातोपानी गाँउपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अन्तिम प्रतिवेदन सम्म जम्मा २४ करोड २६ लाख ५७ हजार २ सय ४६ बेरुजु रहेकोमा आर्थिक वर्ष २०८१।०८२ को प्रारम्भिक प्रतिवेदनमा देखाईएको ३ करोड ८ लाख २२ हजार ८ सय ३५ समेत जम्मा २७ करोड ३४ लाख ८० हजार ८१ रुपैया बेरुजु रहेको देखिन्छ । यस गाँउपालिकाको आर्थिक वर्ष २०७९।०८० र २०८०।०८१ मा न्यून बेरुजु आई जिल्ला का बेरुजु कम हुने पालिकामा आर्थिक वर्ष २०७९।०८० मा पहिलो नम्बर र आर्थिक वर्ष २०८०।०८१ मा दोश्रो नम्बर रहेको देखिन्छ । यस गाँउपालिकामा बेरुजु फछ्यौंटका लागी पटक पटक समिति गठन भई समितिले बेरुजु फछ्यौंटमा तदारुकताका साथ काम नगर्दा बेरुजु फछ्यौंटमा उल्लेखित प्रगति भएको नदेखि बेरुजुको अंक धेरै देखिएकोछ । हालको समिति गठन भएका मिति देखि बेरुजु फछ्यौंटका लागि तदारुकताका साथ लागि रहेको छ । हालको समितिले बिभिन्न समयमा भएका बैठकमा आर्थिक वर्ष २०८१।०८२ को प्रारम्भिक प्रतिवेदन र आर्थिक वर्ष २०७७।०७८ ,२०७८।०७९, २०७९।०८० ,२०८०।०८१ को अन्तिम प्रतिवेदनमा बेरुजुको दफाबार छलफल भई फछ्यौंट गर्न मिल्ने बेरुजु फछ्यौंटका लागी गाँउसभामा पेश गर्ने निर्णय भएकाले यस बाट आगामी दिनमा गाँउपालिकाको बेरुजुलाई कम गर्न सकिने विश्वास लिएको छु । त्यस्तै समितीको आगामी बैठकहरुमा आर्थिक वर्ष २०७४।०७५, २०७५।०७६ र २०७६।०७७ को बेरुजुको अन्तिम प्रतिवेदनमा दफाबार छलफल गरि अर्को गाँउसभाको अधिवेशनमा फछ्यौंट हुने गरि प्रतिवेदन तयारको लागी समितिले तदारुकताका साथ काम गर्नेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

५ गाँउसभा मार्फत गाँउ कार्यपालिकाको कार्यालयलाई सुझाव तथा निर्देशनः

५.१- खर्च विश्लेषण तर्फ: गाँउपालिकाको विगत आर्थिक वर्षहरु देखि महालेखा परिक्षकको कार्यालयबाट गाँउपालिकाको आन्तरिक आय न्यून रहेको आन्तरिक आयको तुलनामा प्रशासनिक खर्च धेरै देखिएको, संघीय सरकार तथा प्रदेश सरकारबाट उपलब्ध गराएको वित्तिय समानिकरण अनुदानबाट चालु किशिमका कार्यक्रमहरु धेरै भई विकास निर्माणका कार्यक्रमहरु सञ्चालनमा न्यून भएकाले आगामी दिनमा पूँजिगत बजेट बढाउनु का साथै गाँउपालिकाको राजश्व बृद्धि गर्न सकिने क्षेत्रको पहिचान गरि गाँउपालिकाको आन्तरिक आय बढाउन आवश्यक छ ।

५.२- योजना तथा बजेट कार्यान्वयनः गत आर्थिक वर्षमा पनि विगत झै विकास निर्माणको काम आर्थिक वर्षको अन्त्यमा गर्ने प्रवृत्ति कायमै रहेको पाईयो कुल पूँजिगत खर्चमा धेरै प्रतिशत अषाढ मसान्तमा खर्च भएको देखिएकाले गाँउपालिकाबाट सञ्चालित योजनाहरुको गाँउपालिकाले बैशाख मसान्त सम्म सम्पन्न गरि भुक्तानी लिने नितिलाई कडाईका साथ लागु गर्नलाई सुझाव दिन चाहन्छु ।

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सितकोट, जुम्ला कर्णाली प्रदेश, नेपाल

५.३- सार्वजनिक खरिद: सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम गाँउपालिकाले वार्षिक खरिद योजना तथा खरिद गरुयोजना तयार गरेको भएता पनि खरिद योजना बमोजिमको खरिद प्रकृया तोकिएको समयमा सम्पन्न गराउन खरिद समितिले प्रभावकारी रुपमा कार्य गरि खरिद कार्यलाई व्यवस्थित गर्न जरुरी छ ।

५.४- योजना प्राथमिकिकरण तथा टुक्रे योजना: स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ, साथै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसुची ३ मा आयोजना प्राथमिकरणका आधारहरु गरिबी निवारण ,उत्पादन मूलक रोजगारी ,लागत सहभागिता, स्थानीय स्रोत साधन अधिकतम परिचालन हुने, समावेशी दिगो र वातावरण संरक्षण र भाषिक साँस्कृतिक विकास भनेर उल्लेख गरेको छ सोही बमोजिम प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्नेमा गाँउपालिकाले सो बमोजिम नगरी टुक्रे प्रकृतिका योजनाहरु छनौट गरेको अवस्था छ । हाल सम्म पनि गाँउपालिकाले गौरवका आयोजना भनेर कुनै योजना सञ्चालन गरेको अवस्था छैन आगामी दिनमा टुक्रे योजनाहरुलाई निरुत्साहित गरि गाँउपालिकाको आवधिक योजना बमोजिमका गौरवका योजना सञ्चालन गर्न तर्फ जोड दिई पालिकालाई आत्म निर्भर हुने योजना तथा कार्यक्रममा खर्च गर्न गराउन सभा मार्फत कार्यपालिकाको ध्यान आकर्षण गर्दछु।

५.५-बार्षिक लक्ष्य तथा प्रगती: यस गाँउपालिका कार्यालयले त्रैमासिक र वार्षिक प्रगती विवरण बनाई पेश गर्नु पर्नेमा पालिकाले सञ्चालन गरेका योजनाहरुको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन बजेट खर्च गर्ने तथा तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार गर्नलाई निर्देशन गर्दछु

५.६- बजेट तथा कार्यक्रम तर्जुमा: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धि व्यवस्था रहेको र यस तातोपानी गाँउपालिकामा उक्त समिति गठन गरिएको भएता पनि समिति औपचारिक्तामा मात्र सिमित सहि प्रभावकारी रुपमा कार्य गरेको नपाईएकाले आगामी दिनमा समिति लाई सकृय बनाई बजेट तथा कार्यक्रम तर्जुमा गर्न सभा मार्फत ध्यानाकर्षण गर्दछु ।

५.७- आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखा परिक्षण: यस तातोपानी गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली बनाएको भएता पनि सो बमोजिमको समिति गठन गरि कार्यान्वयन गरेको नदेखिएकाले आगामी दिनमा समिति गठन गरि आन्तरिक नियन्त्रण प्रणालीलाई कडाईका साथ लागु गर्नु

पर्ने देखिन्छ साथै आन्तरिक लेखा परिक्षण कार्यलाई प्रभावकारी बनाई पालिकाको बेरुजु न्यूनिकरणमा सहयोग पुरयाउने गरि आन्तरिक लेखा परिक्षकको क्षमता अभिबृद्धि गर्न सुझाव दिन्छु ।

५.८- न्यायिक समिति: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ मा स्थानीय तहमा एक न्यायिक समिति गठन हुने र दफा ५३ मा त्यसरी गठन भएको समितिले आफुले गरेका कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्ने व्यवस्था छ सोही अनुसार न्यायिक समितिले आफ्नो कामको वार्षिक विवरण सभामा पेश गरेकोमा न्यायिक समितिमा उजुरी न्यून रहेको समितिको कार्यक्षेत्र भन्दा बाहिरका उजुरीहरु आउने न्यायिक समितिमा परेका उजुरी पनि समयमा फछ्यौंट नभएको देखिएकाले न्यायिक समितिको क्षमता बृद्धि गर्न सुझाव दिन्छु ।

५.९- ऐनको कार्यान्वयन: गाँउपालिकाले आफ्नो सेवा प्रवाहलाई प्रभावकारी रुपमा सम्पादन गर्नलाई आवश्यक पर्ने ऐन कानून बनाई लागु गर्नु पर्ने देखिन्छ तर गाँउपालिकाले बनाएका केहि ऐन कानून कार्यान्वयनमा नआएको देखिएकाले त्यस्ता कार्यान्वयनमा नआएका ऐन कानूनलाई कार्यान्वयनमा लाई सेवा प्रवाह गर्न हुन सभा मार्फत गाँउ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्दछु ।

५.१०- जिन्सी निरिक्षण: यस तातोपानी गाँउपालिकाले आफ्नो जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको भएता पनि जिन्सी निरिक्षण बमोजिम लिलाम गर्नु पर्ने सामानहरु लिलाम बिक्रि नगरेको देखिएकाले आगामी दिनमा जिन्सी निरिक्षणमा तोकिए बमोजिमका कार्य तोकिएको समयमा सम्पादन गर्न हुन सभा मार्फत गाँउ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्दछु ।

५.११- आर्थिक सहायता: यस गाँउपालिकाले आर्थिक सहायता उपलब्ध गराउदा १० हजार, १५ हजार ,२० हजार, २५ हजार जस्तो रकम दिने गरेको अवस्था देखियो गाँउपालिकाको आन्तरिक आयलाई मध्य नजर गरि बास्तविक पिडित ब्यक्ति पहिचान गर्न स्पष्ट मापदण्ड बनाई एकनाश तवरले आर्थिक सहायता प्रणालीलाई व्यवस्थित गर्न सभा मार्फत गाँउ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्दछु ।

५.१२- आन्तरिक राजश्व कर तथा गैर कर: स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा विभिन्न कर तथा गैर कर उठाउन सक्ने व्यवस्था रहेको छ । यी शिषर्कमा अनुमान र वास्तविक स्थितिको समिक्षा गर्ने गरेको अवस्था देखिएन । आन्तरिक स्रोत वृद्धी गर्न पालिकाले नविन प्रकृतिका स्रोतको खोजी गर्ने सबै करदातालाई करको दायरामा ल्याउने पालिका भित्रका सम्पुर्ण व्यवसायलाई करको दायरामा ल्याउने लगायतका कार्यक्रम संचालन गरी राजश्व अभिवृद्धि गर्नु का साथै

राजश्व सुधार योजनालाई प्रभावकारी रुपमा लागु गर्न सभा मार्फत गाँउ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्दछु ।

५.१३- खरिद कारबाहीको अभिलेख: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ (१) बमोजिम सार्वजनिक निकायले हरेक खरिद कारबाही को निम्ति छुट्टै फाईल खडा गरि उपनियम २ ले तोके बमोजिम का कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । यसरी गाँउपालिकाले खरिद कारवाहीको अभिलेख राखेको नपाईएकाले आगामी दिनमा सम्पुर्ण खरिद कारबाहीको अभिलेख राख्न हुन सभा मार्फत गाँउ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्दछु ।

५.१४- वडा कार्यालय र गाँउपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुको औचित्यता पुष्टी नगरी खरिद कार्य नगर्न नगराउन सभा मार्फत निर्देशन दिन्छु ।

५.१५- आर्थिक वर्ष २०७७।०७८ देखि हालको आर्थिक वर्ष २०८०।०८१ को अन्तिम प्रतिवेदन सम्मको महालेखा परिक्षक कार्यालयबाट हुने अन्तिम लेखा परिक्षण प्रतिवेदनमा करार कर्मचारीको स्थानीय भत्ता र महँगी भत्तालाई असुल उपर गर्ने करार कर्मचारीहरुको तलब बापतको रकम नियमित गर्ने भनि बेरुजु औल्याईएको हुँदा सो सम्बन्धमा महालेखा परिक्षकको प्रतिवेदनको निर्देशन अनुसार कार्यान्वयन गर्न गराउन गाँउसभा मार्फत गाँउ कार्यपालिकालाई निर्देशन दिन्छु ।

५.१६ सबै भन्दा बढी राजश्व उठाउने वडा तथा शाखालाई पुरुस्कार तथा सम्मान गरि राजश्व अभिवृद्धि गर्न गराउने व्यवस्थाका लागी सभा मार्फत गाँउ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिन्छु ।

५.१७ सरकारी सवारी साधनमा प्रयोगमा पछिल्लो समयमा हुने गरेको दुरुपयोगका सम्बन्धमा सवारी साधनलाई सरकारी कामको प्रयोजनका लागी मात्र प्रयोग गर्न गराउन सवारी साधन प्रयोग मापदण्ड तयार गरि कडाईका साथ लागु गराउन सभा मार्फत गाँउ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिन्छु ।

५.१८ योजना तर्जुमा गर्दा बजेटको आधारमा लागत अनुमान (स्टिमेट) बनाउनुको साटो लागत अनुमान (स्टिमेट) को आधारमा बजेट विनियोजन गर्ने व्यवस्था लागु गराउन हुन म सभा मार्फत निर्देशन दिन्छु ।

५.१९ गाँउपालिकाले वडास्तरीय तथा गाँउपालिकास्तरीय योजना सम्झौता तथा भुक्तानी गर्दा दुरी टाढा भएकाससाना योजनाहरुको हकमा नागरिकलाई गाँउपालिकाको कार्यालयमा आउन नपर्ने गरी घुम्ति सम्झौता र भुक्तानी गर्ने व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाई लागु गर्न गराउन हुन सुझाव दिन्छु ।

५.२० निर्माण व्यवसायी ,उपभोक्तासमितिले यस गाँउपालिकाबाट लिएको निर्माण कार्यको पेश्की रकम अन्यत्र कार्यमा खर्च गरी निर्माण कार्य नगर्ने कार्य अलपत्र छोड्ने जस्ता प्रवृत्ति देखिएको हुँदा यस्ता प्रवृत्तिलाई निरुत्साहित गर्न म सभा मार्फत कार्यालयलाई सुझाव दिन्छु ।

५.२१ गाँउपालिकाले महालेखा परिक्षकको कार्यालयले दिइएको प्रतिवेदनका व्यहोरा तथा सुझावहरु कार्यान्वयन गर्नुपर्ने ।

५.२२ बेरुजुमा शुन्य सहनशिलता नीती अनुरुप बेरुजु असुल , प्रमाण पेश, नीतीगत बेरुजु ,नियमित गराउने, पेश्की फछ्यौंट लगाएतका विविध पक्षमा ध्यान दिई बेरुजु फछ्यौंटका विधि अवलम्बन गर्न गराउन गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समितिलाई संस्थागत रुपमा दिने र परामर्श सेवा मार्फत बेरुजु फछ्यौंट विज्ञ नियुक्त गरी बेरुजु फछ्यौंटको जिम्मा दिन गाँउसभा मार्फत अनुरोध गर्दछु

५.२३ असुल उपर गर्नुपर्ने भनी मलेपले औल्याएका बेरुजु फछ्यौंटका लागी अभियान नै सञ्चालन गरी असुल, फछ्यौंट, सम्परिक्षण कार्य गर्न गराउन यस सभा मार्फत गाँउकार्यपालिकाको कार्यालयलाई सुझाव दिन चाहन्छु । यसरी बेरुजु फछ्यौंट कार्यमा सम्लग्न पदाधिकारी तथा कर्मचारीलाई आवश्यक प्रोत्साहनको व्यवस्था गर्न म सुझाव दिन्छु ।

सभा अध्यक्ष महोदय ,

सभाका सदस्य ज्यूहरु ,

अन्त्यमा

यस गरिमामय गाँउसभाको १८औ अधिवेशनमा यस तातोपानी गाँउपालिका लेखा समितिले पेश गरेको यो लेखा समितिको प्रतिवेदनलाई कार्यसम्पादनको सुझावको रुपमा लिई आगामी आर्थिक वर्षमा गाँउपालिकाको सेवा प्रवाहलाई सहज सरल छिटो छरितो बनाई नागरिक सन्तुष्टी सहितको सुशासन हुने कुरामा लेखा समिति विश्वस्त छ । सुझावलाई निर्देशनको रुपमा नलिइ सुझावको रुपमा लिन हुन सभा मार्फत गाँउ कार्यपालिकाको कार्यालयलाई अनुरोध गर्दछु ।यस कार्यमा सहयोग गर्नुहुने सम्पुर्ण सदस्य ज्यूहरु , प्रमुख प्रशासकीय अधिकृत ज्यू ,सदस्य सचिव ज्यू तथा लेखा सँग सम्बन्धित कर्मचारीहरुलाई विशेष धन्यवाद दिदै लेखा समितिको प्रतिवेदन २०८२ यस सभा समक्ष पेश गर्दै दुई शब्द यही टुङ्गाउछु

।धन्यवाद नमस्कार

प्रतिवेदन प्रस्तुत कर्ता:
श्री रत्नचन्द्र उपाध्याय
लेखा समिति संयोजक